*द्रष्टव्य:* यसमा भएका बुँदाहरु कानुनसँग बाभिएको खण्डमा स्वतः अमान्य हुनेछन् । कृपया आफ्नो नियामकिय प्रावधानहरु एकपटक राम्रोसँग अध्ययन गर्नुहोला ।

## सहकारी संस्थाको सञ्चालक समितिमा आउनुपुर्व मलाई निम्न विषयहरु राम्रोसँग थाहा छ ।

१. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिहरु पुर्ण रुपमा स्वयंसेवक हुन्छन्,

२. सहकारी संस्था सामूहिक निर्णयका आधारमा मात्रै सञ्चालन हुन्छ, सञ्चालक समिति संस्था सञ्चालनका लागि आवश्यक निर्णय गर्ने केन्द्रविन्दु हो,

३. नेतृत्वले **व्यक्तिगत रुपमा** कुनै पनि निर्णयहरु गर्न पाउनेछैन र सामूहिक निर्णयहरुमा सहभागि हुँदा कानुन, ऐन, संस्थाको विनियम र कार्यविधिहरुसँग बाभिएको छैन भनेर एकिन गर्नुपर्छ,

४. कानुन नजानेर वा कानुनको अनभिज्ञताका कारण आफूलाई व्यक्तिगत रुपमा समेत कानुनी कारबाही हुन सक्ने तर्फ सचेत छु,

५. संचालक समितिको कुनै पदाधिकारी वा सदस्यको हैसियतमा नियमित रुपमा तलब भत्ता लिन पाईंदैन, (दुई करोडभन्दा कम वासलात हुने सहकारी संस्था बाहेक)

६. संचालक समितिको बैठकमा नियमित सहभागि हुनको लागि प्रतिबद्ध छु, बैठकमा नियमित वा कहिलेकाहिँ आकस्मिक समेत उपस्थित हुन मैले समय दिनैपर्छ,

७. कूल संचालक समितिको ४९ प्रतिशत भन्दा बढी संचालकले एकै समयमा ऋण लिएको भए मैले ऋणको लागि आवेदन गर्न पाउँदिन,

८. सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित भएर आउनुपुर्व मैले संस्थालाई बुझाउन बाँकी ऋण वा पेश्कि वा कुनै तिर्नु बुझाउन बाँकी बक्यौता छैन,

९. संचालक समितिको नियमित बैठकमा सञ्चालक समिति र व्यवस्थापक (कर्मचारी प्रमुख) बाहेकका कोही पनि व्यक्ति उपस्थित हुन पाईंदैन,

१०. समितिको मासिक बैठकमा विना लिखित सूचना लगातार तीन वटा भन्दा बढी बैठकमा अनुपस्थिति भएमा आफ्नो पद खारेज हुन सक्छ,

११. सहकारी संस्थामा संचालक भएपछि अन्य कुनै सहकारी संस्थामा संचालक वा लेखा सुपरिवेक्षण समितिको कुनै पदमा वा कुनै पनि सहकारीको कर्मचारीको रुपमा कार्य गर्न पाइने छैन,

१२. सहकारी संस्थाको वहालवाला संचालक, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापक वा कुनै कर्मचारी बीच कुनै प्रकारको पारिवारिक नाता सम्बन्ध हुन नहुने,

१३. सहकारी संस्थाको कार्यालय संचालक समिति, लेखा सुपरिवेक्षण समिति वा कर्मचारीमध्ये कसैको पनि घरमा भाडा लिन वा दिन हुँदैन,

१४. सहकारी संस्थाको कार्यालय कुनै संचालक समिति, लेखा सुपरिवेक्षण समिति वा कर्मचारीमध्ये कसैको पनि पसल वा व्यवसायबाट सहकारी संस्थाले कुनै वस्तु तथा सेवा खरिद गर्न हुँदैन, *(तर संस्थाका सदस्यहरुसँग व्यावसायिक सम्बन्ध राख्न कुनै बाधा पर्दैन)*

१५. संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, कर्मचारी र उनिहरुसँग सम्बद्ध पक्ष वा एकाघरकाले लिएको ऋणहरुको नियमित साँवा व्याज बुझाउनुपर्छ र यदि भाखा नाघेमा पदबाट समेत हट्नुपर्ने हुन सक्छ, (संस्थाको आन्तरिक कार्यविधि अनुसार)

१६. सञ्चालक समिति, कर्मचारी र एकाघर परिवारमा लगानी भएको ऋणको किस्ता भुक्तानीमा नियमितता हुनु जरुरी छ, साथै मासिक नियमित बचतमा अनुशासन आवश्यक पर्छ,

१७. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति, सल्लाहकार तथा कर्मचारीवाट लिने ऋणको व्याजदर र सदस्यबाट लिने ऋणको व्याजदरमा कुनै भिन्नता गर्न पाईंदैन,

१८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति तथा सल्लाहकारहरुलाई दिइएको लाभांश दर र सदस्यलाई दिइएको लाभांश दरमा भिन्न गर्न पाईंदैन,

१९. निजी स्वार्थ समावेश भएको कुनै प्रकारको निर्णय प्रकृयामा सञ्चालकहरुको संलग्नता हुन नहुने,

२०. सदस्यको कुनै दायित्व मिनाहा गर्ने विषयमा सञ्चालक समितिले निर्णय गर्न नपाउने र यसको ठोस प्रमाण सहित साधारणसभामा निर्णयार्थ लैजानुपर्छ,

२१. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले निर्वाचित भएपछि सहकारी सम्बन्धी शिक्षा तालिम तथा क्षमता विकासका विभिन्न कार्यक्रमहरुको लागि पर्याप्त दिनहरु छुट्याउनुपर्छ,

२२. सञ्चालक समितिले आचार संहिता बनाएर लागु गर्दा आफूलाई अप्ठ्यारो हुँदा पनि सो संहिता मान्न तयार रहनु,

२३. एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदमा निर्वाचित हुन पाइनेछैन,

२४. संस्थामा गठन भएका उपसमितिहरुको सक्रियताको लागि उपसमिति होइन, सञ्चालक समिति नै जिम्मेवार हुनुपर्छ,

२५. संस्थाले स्वीकृत कार्यक्षेत्र बाहिरको व्यक्तिलाई सदस्यता प्रदान गर्न हुँदैन,

२६. नाफामुलक कुनै निकाय वा कम्पनी सहकारी संस्थाको सदस्य बन्न सक्दैन,

२७. एक प्रारम्भिक संस्थाले कुनै पनि अर्को प्रारम्भिक सहकारी संस्थासँग कुनै प्रकारको आर्थिक कारोबार (बचत, ऋण, सापटी आदि) गर्न पाउँदैन,

२८. सदस्यसँग संकलन गरिएको बचत रकमको परिचालन अनिवार्य रुपमा सदस्यमै ऋण लगानी मार्फत परिचालन गर्नुपर्छ र सदस्यसँग संकलित निक्षेप वा बचत रकमलाई अन्यत्र कुनै व्यवसायहरुमा प्रत्यक्ष रुपमा सहकारीले लगानी गर्न हुँदैन,

२९. कुनै सदस्यलाई सदस्य भएको तीन महिना अगावै ऋण लगानी गर्न पाईंदैन,

३०. कुल पूँजी कोषको १० प्रतिशत भन्दा बढी हुने गरी एकै सदस्यलाई ऋण लगानी गर्न पाईंदैन, (कोषहरु र सेयर पुँजीको जोड कुल पुँजीकोष हो) र प्राथमिक पुँजीकोष (शेयर र जगेडा कोष) को १५ गुणा मात्रै बचत संकलन गर्न सकिन्छ,

३१. सहकारी संस्थाको स्वीकृत विनियममा उल्लेखित उद्देश्य र कार्यहरु बाहेक केही अन्य कार्यहरु गर्न पाईंदैन,

३२. बचत तथा ऋणको व्याजदर निर्धारण गर्दा विभागले तोकेको सन्दर्भ व्याजदर प्रतिकुल हुने गरी व्याजदर निर्धारण गरेमा जरिवाना तिर्न निर्णय गर्ने र कार्यान्वयन गर्ने जोसुकै पनि व्यक्तिगत रुपमा तयार हुनुपर्छ,

३३. संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पुँजीकृत गरि नयाँ तमसुक बनाइएकोमा विभागले जरिवाना तोकेमा निर्णय गर्ने र कार्यान्वयन गर्ने जोसुकै पनि व्यक्तिगत रुपमा जरिवाना तिर्न तयार हुनुपर्छ,

३४. श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमीकमा नघट्ने गरी कर्मचारीहरुलाई मासिक पारिश्रमीक उपलब्ध गराउनुपर्छ र सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्छ,

३५. सञ्चालक समितिमा उपलब्ध भए सम्म कम्तीमा ३३ प्रतिशत महिला सदस्यको प्रतिनिधित्व हुनुपर्छ,

३६. संरक्षित पुँजी फिर्ता कोष वार्षिक कारोबारको आधारमा सम्बन्धीत सदस्यलाई उपलब्ध गराउनुपर्छ,

३७. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरुलाई प्रवाह गरेको ऋण र धितोको विवरण नियामक निकायमा पठाउनुपर्छ,

३८. नियामक निकायद्धारा प्रेषित परिपत्र तथा सुचनाहरुको अभिलेखिकरण गर्ने जिम्मेवारी व्यवस्थापनको हो र सो को नियमित अध्ययन गर्ने जिम्मेवारी सञ्चालक समितिको हो,

३९. नियामक निकायद्धारा अनुगमन हुँदा सञ्चालक समितिले पर्याप्त समय उपलब्ध गराउन तयार हुनुपर्छ र आफ्नो निर्णयका कारण संस्थालाई कुनै हानी नोक्सानी भएको भए सो को जिम्मा लिन व्यक्तिगत रुपमा तयार हुनुपर्छ,

४०. सहकारी संस्थासँग सम्बन्धित कानुनहरुको अध्ययन गर्ने वा कुनै माध्यमबाट निरन्तर रुपमा शिक्षा लिन तयार हुनुपर्छ,

४१. संस्थाले सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनको तिनपुस्ते विवरणको अद्यावधिक विवरणको अभिलेख राख्नुपर्छ,

४२. सहकारी विभागको निर्देशन अनुरुप सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनको सम्पत्ति विवरण सम्बन्धि सुचना वा जानकारी नियामक निकायमा बुझाउनुपर्छ,

४३. लेखा सुपरिवेक्षण समितिले प्रत्येक चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गर्नुपर्छ र सो को प्रतिवेदन सञ्चालक समितिलाई सुझाव स्वरुप पेश गर्नुपर्छ,

४४. लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयन गर्ने जिम्मेवारी सञ्चालक समितिको हुन्छ,

४५. लेखा सुपरिवेक्षण समितिले संस्थाको आन्तरिक दैनिक कार्यालय सञ्चालनसँग सम्बन्धित गतिविधिहरुमा संलग्न हुन पाउनेछैन,

४६. सहकारी संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षक सञ्चालक समिति भएकाले आफ्नो निर्णयका कारण कुनै हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी निर्णयकर्ताले नै लिनुपर्छ,

४७. संस्थाबाट प्रवाह हुने ऋण लगायतका कुनै प्रकारका सेवाहरुमा कुनै प्रकारको भनसुन वा अनुचित प्रभाव पार्न पाईंदैन,

४८. सहकारी संस्थाको सदस्यको बचत रकमको सम्पूर्ण रुपमा सुरक्षाको जिम्मेवारी लिने अन्तिम निकाय सञ्चालक समिति नै हो,

४९. सहकारी संस्था उत्पादन, प्रशोधन, विक्रि वितरणसँग सम्बन्धित कार्यका लागि गठित हो भने सञ्चालक समितिले निष्पक्ष रुपमा संस्था र सदस्यलाई फाईदा हुनेगरी कार्यहरु गर्नुपर्छ,

५०. सञ्चालक समितिलाई नियमित मासिक बैठकमा सहभागिता जनाउने, निर्णय गर्ने, संस्थाको नीति नियमहरु सदर गर्ने र निर्णय एवं नियम पालना भए नभएको जाँच्ने सम्मको मात्रै अधिकार रहेको हुन्छ,

५१. नेतृत्वको विचार र सहकारी सम्बन्धि कानुन र विधिमा बेमेल भएमा आफ्नो विचार सहजै छोड्न तयार हुनुपर्छ,

५२. निर्वाचन पछि नेतृत्व तहमा नपुगेमा सहजै स्विकार्न तयार हुने र सहकारीमा नियमित कारोबार गर्न तयार हुनुपर्छ,

५३. समितिमा निर्वाचित भैसकेपछि आफ्नो एकाघरको कुनै सदस्य कर्मचारीको रुपमा कार्यरत भए उक्त कर्मचारीले अवकाश पाउनुपर्छ र निर्वाचित हुनुपुर्व कसैलाई कुनै प्रकारको आश्वासन वा प्रलोभन दिन पाईंदैन, *(यो कानुनी प्रावधान होइन, यद्यपी व्यावसायिक संस्था निर्माणका लागि यो अनुशासन कायम गर्न सकेमा धेरै राम्रो मानिन्छ)*

५४. सहकारी संस्थाको समिति, उपसमिति वा कर्मचारीले कुनै प्रकारको कमिशन, छुट वा सुविधा पाउनेछैन,

५५. सहकारी संस्था मार्फत सम्पत्ति शुद्धिकरण हुनसक्ने तर्फ सचेत छु र उक्त विषयसँग सम्बन्धित कानुनको अध्ययन गर्न र परिआएको अवस्थामा व्यक्तिगत रुपमा जिम्मेवारी लिन तयार हुनुपर्छ,

५६. व्यक्तिगत रुपमा सहकारी संस्थाको राम्रो प्रचार गर्न सँधै तयार छु,

५७. सहकारी संस्थामा निर्वाचित भैसकेपछि अरु कुनै सहकारी संस्था वा कुनै पनि संघको नेतृत्वमा रहेको भए तुरुन्तै दोहोरो पदमध्ये एक पद छाड्न तयार हुनुपर्छ,

## एउटा प्रश्न

**तपाईं ................. सहकारी संस्थाको नेतृत्व लिन तयार हुनुभयो भने संस्थामा तपाईंको कस्तो योगदान रहन्छ** ? कृपया उल्लेख गर्नुहोस् ।

नामः ठेगानाः सम्पर्क नंः

हस्ताक्षरः

बल्लभ तिमल्सिना, ९८४१३२०७८५